**बागमती गाउँपालिका**
**Bagmati Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office Of Rural Municipal Executive**
भट्टेडाँडा, ललितपुर
Bhattedanda, Lalitpur
३ नं. प्रदेश, नेपाल ।
Province 3, Nepal

प.सं./Let. No.: ०७५/७६

च.नं./Ref. No.: २०२

मिति/Date: २०७५/०६/२८

विषय/Subject: **प्रारम्भिक सहकारी संस्थाहरुसँग आवेदन आह्वान गरिएको सूचना**

यस स्थानीय तहमा आ.व. २०७५/७६ देखि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको संयुक्तरुपमा सञ्चालित सहकारी बजार विकास कार्यक्रम (Cooperative Market Development Programme, CMDP) लागु भएको छ । यस कार्यक्रमको मूख्य उद्देश्य कृषकहरुलाई प्रारम्भिक सहकारी संस्थामा आबद्ध गराउँदै सहकारी संस्था मार्फत कृषकहरुबाट उत्पादित फलफूल तथा तरकारी पकेट क्षेत्र, स्थानीय तह, जिल्ला र केन्द्रीय स्तरमा सञ्चालन हुने सहकारी बजारसम्म पुऱ्याउन आवश्य प्राविधिक, पूर्वाधार विकास तथा नीतिगत सहयोग प्रदान गर्ने रहेको छ । तसर्थ, यस स्थानीय तह अन्तर्गतको देहायमा उल्लेखित पकेट क्षेत्रमा कार्य क्षेत्र भएका योग्य र यस कार्य क्षेत्रगत शर्त (TOR) अनुसार कार्य गर्न ईच्छुक प्रारम्भिक सहकारी संस्थाहरुलाई तपशील बमोजिमको कागजपत्र सहित मिति २०७५/०६/२८ गतेको सूचना देखि १५ दिन भित्र (निवेदन बुझाउने अन्तिमक दिनमा सार्वजनिक बिदा पर्न गएमा लगतै अर्को कार्यालय खोलेको दिन) यस कार्यालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**१. पकेट क्षेत्रहरु**

| |
|---|
| १. बागमती गाउँपालिका – १ घुसेल (मानेगाउँ, माकलडाँडा) |
| २. बागमती गाउँपालिका – ३ भट्टेडाँडा (भैँसे, सातकन्या, झँक्रेडाँडा) |
| ३. बागमती गाउँपालिका – ४ प्युटार |
| ४. बागमती गाउँपालकिा – ५ इकुडोल |

**आवेदन पेश गर्ने सहकारी संस्थाको योग्यता र पेश गर्नु पर्ने कागजातहरु**

**क.न्यूनतम योग्यता : कार्यक्रमसँग सहकार्य गर्न प्रारम्भिक सहकारी संस्थाको देहाय बमोजिमका योग्यता हुनुपर्नेछ**

- सम्बन्धित निकायमा सहकारी दर्ता भएको
- नियमित साधारण सभा भएको
- प्रारम्भिक सहकारी संस्थाको मूख्य कारोबार कृषि वा फलफूल तथा तरकारी उत्पादन र बजारीकरण भएको

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
३ नं. प्रदेश, नेपाल
२०७३

विषय/Subject:

- पछिल्लो आ.व.को आय व्ययको लेखापरिक्षण भएको
- प्रारम्भिक सहकारी संस्था मूल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको,
- पछिल्लो आ.व.को कर बुझाएको हुनुपर्ने वा कर छुट भएको भ सम्बन्धित कार्यालयको कर छुट सम्बन्धि प्रमाण पत्र भएको
- प्रचलित ऐन कानून बमोजिम कालो सूचीमा नपरेको
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिवद्धता

**ख) आवेदन साथ देहाय बमोजिमको कागजपत्र पेश गर्नुपर्ने छ**

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- पछिल्लो आ.व.को साधारण सभाको निर्णयको प्रतिलिपि वा १ वर्ष पूरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा प्रारम्भिक साधारण सभाको निर्णयको प्रतिलिपि
- प्रारम्भिक सहकारी संस्थाको विनियमको प्रतिलिपि
- पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि र १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा गत महिनाको मासिक वित्तिय प्रतिवेदनका साथै ऋण लिएका सदस्यहरुको विवरण
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको भए सोको प्रमाणपत्र
- पछिल्लो आ.व.को कर बुझाएको रसिद वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धि प्रमाणपत्र
- प्रारम्भिक सहकारी संस्थामा रहेका कृषक सदस्यहरुको संख्या (लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको)
- प्रारम्भिक सहकारी संस्थामा रहका कुल सदस्यको संख्या (लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको)
- सहकारीमा कार्यरत कर्मचारीको विवरण (पद, काम, लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको)
- विभिन्न समितिको पद सहितको नामावली (संचालक समिति, लेखा सुपरिवेक्षण समिति)
- सञ्चालक समितिको गत आ.व.को सम्पुर्ण बैठक प्रतिलिपि
- प्रारम्भिक सहकारी संस्थाको व्यावसायीक योजना वा बजार योजना भए त्यसको प्रतिलिपि वा योजनाको सारांश विवरण

# वागमती गाउँपालिका
# Bagmati Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive

भट्टेडाँडा, ललितपुर
Bhattedanda, Lalitpur
३ नं. प्रदेश, नेपाल ।
Province 3, Nepal

प.सं./Let. No.:

च.नं./Ref. No.:

मिति/Date: ............................

गाउँपालिका कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर ३ नं. प्रदेश, नेपाल २०७३

विषय/Subject:

- सदस्य केन्दि्त भइ मात्र कारोवार गरेको स्वघोषणा पत्र
- आर्थिक तथा प्रशासनिक नियममावलीको प्रतिलिपि
- लेख सुपरिवेक्षण समिति गठन भएको बैठक निर्णय तथा समितिको प्रतिवेदन प्रतिलिपि
- सहकारीमार्फत सदस्यहरुलाई कृषि तथा सहकारीको क्षेत्रमा विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको सूचि
- पूर्वाधार निर्माण (संकलन केन्द्र, सिचाँई, मेशिन औजार, बजार सञ्चालन आदि) मा प्रारम्भिक सहकारी संस्थाको लागत साझेदारी प्रतिवद्धता पत्र (कम्तिमा ३० प्रतिशत) यसरी प्रतिबद्धता जनाउँदा सबभन्दा बढी साझेदारी जनाउने प्रारम्भिक सहकारी संथालाई प्राथमिकता दिइने छ
- विभिन्न फलफूल तथा तरकारी बजार (कालिमाटी, बलाजु, चितवन, बल्खु पोखरा वा अन्य कुनै स्थान) मा उत्पादनको बजारीकरण गरेको भए सो बजारसँगको सम्झौता पत्र
- फलफूल तथा तरकारी प्रवर्द्धन तथा बजारीकरणका लागि अन्य परियोजनासँग सहकार्य गरेका भए सोको सम्झौता पत्र
- फलफूल तथा तरकारी उत्पादन संकलन केन्द् निर्माण गर्न सहकारीसँग जग्गा भए लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो को प्रतिलिपि वा जग्गा भाडामा नलिएको भए कार्यक्रम प्रयोजनका लागि जग्गा भाडामा लिन सक्ने सम्भावनाको प्रतिवद्धता पत्र
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता पत्र
- कार्यालय सञ्चालनका लागि सहकारी संस्थासँग भएको श्रोत साधनको सूचि जस्तै कार्यालय कोठा, कम्प्युटर, प्रिन्टर, मोटरसाइकल आदि
- पछिल्लो आ.व.को सार्वजनिक परिक्षण वा सामाजिक परिक्षणको प्रतिलिपि
- सहकारीको कार्यालय खुलेको कागजात

**नोट : माथि उल्लेखित कागजपत्रहरुको आधारमा छनौट समितिले प्रारम्भिक सहकारी संस्थाको मुल्याङकन गर्नेछ ।**

**बरदान सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**